कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

प्रदेश नं. ५

फोन नं. ०८१-५४०००९

प.सं.- ०७६/०७७

च.नं.- ............

## करार पदपूर्ती सम्बन्धी जरुरी सूचना।।।

सूचना प्रकाशन मिति २०७७/०२/२७

यस कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका लागि तपशिलमा उल्लेखित पदमा करार सेवामा कर्मचारीहरु आवश्यक परेकोले उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट आवेदन आवह्रान गरिएको छ। सूचना प्रकाशित मितिले १५ दिन भित्र रित पूर्वक आवेदन भरि पेश गर्नुहुन सबैमा जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

तपशिल

| वि.नं. | पद | तह | अवधि | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| ०९/०७६-०७७ | हे.अ. | पाँचौ तह | करार | १ (एक) जना | सिकलसेल ल्याबका लागि |
| १०/०७६-०७७ | स्टाफ नर्स | पाँचौ तह | करार | २ (दुई) जना | सिकलसेल ल्याबका लागि |
| ११/०७६-०७७ | ल्याब टेक्निसियन | पाँचौ तह | करार | १ (एक) जना | सिकलसेल ल्याबका लागि |
| १२/०७६-०७७ | हे.अ. | पाँचौ तह | करार | ३ (तीन) जना | आधारभुत स्वास्थ्य केन्द्र (२,१०र१२) का लागि |
| १३/०७६-०७७ | स्टाफ नर्स | पाँचौ तह | करार | ३ (तीन) जना | आधारभुत स्वास्थ्य केन्द्र (२,१०र१२) का लागि |
| १४/०७६-०७७ | अ.न.मी. | चौथो तह | करार | १ (एक) जना | सिकलसेल ल्याबका लागि |
| १५/०७६-०७७ | का.स. | श्रेणी बिहीन | करार | १ (एक) जना | सिकलसेल ल्याबका लागि |
| १६/०७६-०७७ | का.स. | श्रेणी बिहीन | करार | ३ (तीन जना) | आधारभुत स्वास्थ्य केन्द्र (२,१०र१२) का लागि |

१. आवेदन गर्ने मितिः- सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र र १५ औं दिनमा सार्वजनिक बिदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिनमा।

२. आवश्यक कागजातहरुः- शैक्षिक प्रमाणपत्रका प्रतिलिपिहरु, काउन्सिल दर्ता, नागरिकता प्रमाणपत्रको प्रतिलिपि ३ प्रति अटो साइजको फोटो लगायतका कागजातहरु।

३. आवेदन शुल्कः- पाँचौ तहका लागि रु ४००/, चौथो तहका लागि रु ३००/, श्रेणी विहिनका लागि रु१००/ मात्र।

४. आवश्यक न्यूनतम् शैक्षिक योग्यताः- सम्बन्धित पदका लागि लोकसेवा आयोगले तोकेको शैक्षिक योग्यता र आधिकारीक निकायमा काउन्सिल दर्ता भएको हुनु पर्नेछ। तर नेपाल बाहेकका मुलुकका शिक्षण संस्थामा अध्ययन गरेको हकमा समकक्षता अनिवार्य हुनेछ।

५. सेवा सुविधाः- सम्बन्धित पदका लागि नेपाल सरकारले तोकको सुरु तलब स्केलको सेवा सुविधा पाउने।

६. छनौट परीक्षाको किसिमः- कोहलपुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम हुनेछ।

७. सम्पर्क मितिः- आवेदन दिने अन्तिम मिति लगत्तै कार्यालय खुलेको दिन विहान १०.०० बजे देखि साँझ ५.०० बजे सम्म।

८. समयावधिः- करार सम्झौता रहदा सम्म।

९. अस्वीकृत भएका दरखास्त फारमको आवेदन शुल्क फिर्ता हुनेछैन।

१०. उमेर हदः- उल्लेखित पदका लागि लोकसेवा आयोगले तोकि दिएको उमेर हद बमोजिमको उमेर हुनु पर्नेछ।

११. पदमा रही कामकाज गर्नुपर्नेः- विज्ञापन नम्बर अनुसार छनौट योग्यता क्रम बमोजिम कार्यालयबाट तोकिएको कार्य विवरण बमोजिम।

१२. कुनैपनि शर्त राखि पेश भएका आवेदन स्वीकृत गरिने छैन। आवेदन फारम यस कार्यालयको स्वास्थ्य तथा सामाजिक विकास शाखाबाट प्राप्त गर्न सकिने छ र सोही शाखामा बुझाउनु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत